के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १२ गते बुधबार ❑ 26 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

काली नदी पूर्वका सबै भूभाग नेपालको रहेकामा स्पष्ट छौँ: प्रधानमन्त्री

रासस
काठमाडौं ११ असार

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत काली (महाकाली) नदीको पूर्वका सबै भूभाग नेपाल भन्नेमा सरकार दृढ रहेको स्पष्ट पार्नुभएको छ। विनियोजन विधेयक, २०८१ अन्तर्गत परराष्ट्र मन्त्रालय शीर्षकमाथिको छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ दिँदै उहाँले नेपाल-भारतको सुगौली सन्धि, १८१६ बमोजिम ती भूभाग नेपालको रहेको र संविधान संशोधनमार्फत राजनीतिक नक्सामा समेटिएको तथा नेपालको निशाना छाप अद्यावधिक गरिएको स्मरण गराउनुभयो ।

प्रधानमन्त्री दाहालले भारत भ्रमणका अवसरमा नेपाल र भारतका प्रधानमन्त्रीबीच भएको भेटवार्तामा १९५० को शान्ति तथा मैत्री सन्धिलगायत विद्यमान द्विपक्षीय सन्धि तथा सम्झौतालाई परिमार्जन र अद्यावधिक गर्न एवं सीमासम्बन्धी विषयलाई स्थापित कूटनीतिक संयन्त्रमार्फत समाधान गर्ने सहमति भएको बताउनुभयो।

नेपाल-भारत सीमा कार्य समूहले नेपाल-भारत सिमानामा सीमास्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मतका साथै दशगजा एवं 'क्रस होल्डिङ' को लगत तयार गर्नेजस्ता प्राविधिक कार्य निरन्तर रूपमा गर्दै आएको उहाँको भनाइ छ।

प्रधानमन्त्री दाहालले गत पुस १९ मा सम्पन्न नेपाल-भारत संयुक्त आयोगको सातौँ बैठकमा दुवै पक्षले सिमानाको विषयमा छलफल गरेका र नेपाल-भारत सीमाको बाँकी खण्डमा काम चाँडो सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त भएअनुरूप परराष्ट्र मन्त्रालयमार्फत नेपाल-भारत सीमासम्बन्धी सीमा कार्य समूहको सातौँ बैठकका निम्ति भारतीय पक्षलाई कूटनीतिक माध्यमबाट पत्राचार गरिएको जानकारी गराउनुभयो ।

नेपाल-चीनबीच यदाकदा देखिने सीमा समस्याको समाधान गर्न दुई पक्षीय छलफल र सहमतिबाट हुने गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर एवं परराष्ट्रमन्त्री महामहिम वाङ यी ले गर्नुभएको नेपाल भ्रमणका अवसरमा दुई देशका परराष्ट्रमन्त्रीहरूबीच भएको द्विपक्षीय भेटवार्तामा आपसी परामर्शमा नेपाल चीन संयुक्त सीमा निरक्षणसम्बन्धी कार्य अगाडि बढाउने सहमति भएको बताउनुभयो ।

"नेपाली नागरिक विदेशी सेनामा भर्ती भएका भन्ने सम्बन्धमा उठाउनुभएको प्रश्नबारे सरकार गम्भीर छ, नेपालले केही मित्रराष्ट्रहरूसँग विगतमा गरेका समझदारीअनुरुप परम्परागतरूपमा त्यहाँको राष्ट्रिय सेनामा नेपाली नागरिकहरू भर्ना हुँदै आएकामा बाहेक विदेशी सेनामा नेपाली नागरिक भर्ना हुन अनुमति दिनेसम्बन्धी नेपाल सरकारको कुनै नीति नरहेको स्पष्ट पार्न चाहन्छु", उहाँले भन्नुभयो ।

गोर्खा भर्ती सन् १९४७ मा सम्पन्न त्रिपक्षीय सम्झौताबमोजिम भएको जानकारी गराउँदै उहाँले यस सम्झौतालाईसमयसापेक्षतुल्याउन राष्ट्रिय सहमतिका आधारमा बेलायत सरकारसँग छलफल गर्नुपर्ने बताउनुभयो। प्रधानमन्त्री दाहालले रुस-युक्रेन युद्धका कारण मृत्यु भएका र बन्धक बनाइएका नेपाली नागरिकको सम्बन्धमा मस्कोस्थित नेपाली राजदूतावास र रुसी महासङ्घका काठमाडौँस्थित दूतावासमा निरन्तर सम्पर्क र समन्वय भइरहेको स्पष्ट पार्नुभयो। "यस विषयमा रुसी महासङ्घका विदेशमन्त्रीसँग उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीसँग टेलिफोन वार्ता भएको पनि जानकारी गराउँदछु।नेपालीहरूको रुसमा हुने आवागमन व्यवस्थित गर्नका लागि सुझाव पेस गर्न कार्यदल गठन गरिएको छ। बन्धक बनाइएका नेपालीका सम्बन्धमा युक्रेन सरकारसँग कूटनीतिक माध्यमबाट कुराकानी भइरहेको छ", उहाँले भन्नुभयो।

अक्टोबर २०२३ मा इजरायलमा भएको हमासको आक्रमणमा परेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि नेपाल सरकारले इजरायल सरकार, मध्यस्थकर्ता कतार सरकार तथा दुवै पक्षको निकटस्थ छिमेकी राष्ट्र गणतन्त्र इजिप्ट सरकारसँग अनुरोध गर्दै औपचारिक तथा अनौपचारिक बैठकमा पनि पहल गरिएको उहाँले जानकारी गराउनुभयो ।

प्रधानमन्त्री दाहालले छिमेकी मुलुक, ठूलो सङ्ख्यामा नेपालीको उपस्थिति रहेका मुलुक, द्विपक्षीय व्यापार, लगानी, पर्यटनलगायत आर्थिक सम्बन्धको अवस्था र सम्भाव्यता रहेका मुलुक, विभिन्न महादेशमा राजनीतिक, आर्थिक तथा सामरिकरुपले महत्व राख्ने राष्ट्र तथा भौगोलिक प्रतिनिधित्व आदिका आधारमा नियोग स्थापना भएका बताउनुभयो ।

राहदानी विभागले राहदानी सेवालाई थप छिटोछरितो र सेवाग्राहीमैत्री तुल्याइरहेको जानकारी दिँदै प्रधानमन्त्रीले राहदानी वितरण अझ सहज, सरल र व्यवस्थित बनाउन प्रयत्न जारी रहेको बताउनुभयो। "विदेशमा रहेका नेपालीको हक हितलाई ध्यान दिँदै राहदानी तथा कन्सुलर सेवालाई प्रविधिमा आधारित बनाइएको छ", उहाँले भन्नुभयो, "राजदूतावास नभएका मुलुकमा विद्युतीय राहदानी आवेदन सङ्कलन र वितरणका लागि घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।"

प्रधानमन्त्री दाहालले परराष्ट्र मामिला र कूटनीतिका विविध पक्षमा अध्ययन, अनुसन्धान र प्रकाशन गर्ने तथा कूटनीतिक कर्मचारीका लागि तालिम प्रदान गर्ने संस्थाका रूपमा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई सुदृढ तुल्याउने तथा यसलाई साधन स्रोत सम्पन्न गर्दै लैजान मन्त्रालय क्रियाशील रहेको बताउनुभयो ।

एसइईको नतिजा बिहीबारसम्म सार्वजनिक गरिने

पोखरापत्र संवाददाता
पोखरा, ११ असार

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले यस वर्षको एसइई परीक्षाको नतिजा बिहीबारसम्म सार्वजनिक गर्ने तयारी गरेको छ ।

कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीमा पुगेको जानकारी दिनुभयो । कार्यालयले तयार पारेको कार्ययोजनाअनुसार उत्तरपुस्तिका परीक्षण, अङ्कभार प्रविष्ट र 'मिस म्याच'को काम सकेर नतिजा प्रकाशनको अन्तिम तयारी भइरहेको उहाँको भनाइ छ।

परीक्षा नियन्त्रक पौडेलले भन्नुभयो, "असार १५ गतेभित्र नतिजा सार्वजनिक गर्ने बोर्डको तालिका हो, तालिकाभन्दा पनि छिटो नतिजा सार्वजनिक गर्न बोर्ड र परीक्षा नियन्त्रण कार्यालयले तीव्र गतिमा काम गरेका छौँ, बिहीबारभित्र नतिजा सार्वजनिक गर्ने गरी काम भइरहेको छ ।" उहाँले कर्मचारीहरूको समूह बनाएर काम भइरहेको बताउनुभयो । उहाँले ५२ वटा परीक्षण केन्द्रमा उत्तरपुस्तिका परीक्षण भइ कार्यालयमा बाँकी काम भइरहेको जानकारी दिनुभयो।

कार्यालयले गत वर्ष असार २४ मा एसइईको नतिजा सार्वजनिक गरेको थियो ।

परीक्षा नियन्त्रक पौडेलले यस वर्ष एसइईको नतिजा सैद्धान्तिक र प्रयोगात्मक फरक गरी सार्वजनिक गरिने बताउनुभयो । यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अङ्कको परीक्षामा ३५ प्रतिशत अर्थात् २७ अङ्क नल्याउनेलाई एनजी उल्लेख गरिने उहाँको भनाइ छ।

गत चैत १५ गतेदेखि सुरु भएको एसइईमा नियमिततर्फ चार लाख ६७ हजार र ग्रेड वृद्धितर्फ २१ हजार परीक्षार्थी सहभागी थिए ।

देश बलियो भए सबै जातजाति र भाषाभाषीको अधिकार संरक्षण हुन्छः सभापति देउवा

रासस
काठमाडौं, ११ असार

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले देश बलियो भएमात्र सबै जातजाति र भाषाभाषीको अधिकार संरक्षण हुने भएकाले सबैको एकतामा जोड दिनुभएको छ ।

नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको प्रथम राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई आज यहाँ सम्बोधन गर्नुहुँदै उहाँले सबै समुदाय एक भए मात्रै मुलुकका लागि योगदान गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

आदिवासी जनजातिका अधिकार संरक्षणका लागि आफू विगतदेखि नै लागिपरेको उल्लेख गर्नुहुँदै पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका देउवाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलगायत संरचना आफू प्रधानमन्त्री भएकै बेला स्थापना भएको स्मरण गर्नुभयो ।

आदिवासी जनजातिको हक, अधिकारसँगै भाषा, संस्कृति संरक्षणमा पनि सबैको सहयोग रहनेमा उहाँले विश्वास व्यक्त गर्नुभयो। जनजातिका माग पूरा गर्न पार्टीका तर्फबाट पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

कांग्रेसको गत महासमिति बैठकले यही असार १५ गतेसम्म सबै भ्रातृ संस्थाको महाधिवेशन गरिसक्ने समय निर्धारण गरेको थियो। महासमिति बैठकले तोकेको अवधिमा महाधिवेशन सम्पन्न गर्ने महासङ्घ पहिलो भ्रातृ संस्था बनेको छ । महासमिति बैठकले तोकेको असार १५ गतेसम्म अरु कुनै पनि भ्रातृ संस्थाले महाधिवेशनगर्नेतयारीगरेकाछैनन्।

आदिवासी जनजाति सङ्घ महासङ्घका रूपमा रुपान्तरण भएपछिको यो पहिलो महाधिवेशन हो। महासङ्घमा ५९ वटै जनजातिका सङ्घ संस्थाको प्रतिनिधित्व रहेको महासचिव जगत बरामले जानकारी दिनुभयो।

नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको बैठक सम्पन्न

रासस
काठमाडौं ११ असार

नेपाल र चीनका परराष्ट्र मन्त्रालयहरूबीचको कूटनीतिक परामर्श संयन्त्रको १६औँ बैठक मंगलबार काठमाडौँमा सम्पन्न भएको छ ।

बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल र चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व चीनका उपविदेशमन्त्री सुन वेइतोङले गर्नुभएको थियो ।

बैठकमा नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्धका समग्र पक्षबारे समीक्षा गर्नुका साथै विगतमा भएका सम्झौता र समझदारीपत्रको कार्यान्वयनमा भएको प्रगति तथा विगतमा भएका निर्णयहरूको मूल्याङ्कन गरिएको थियो । उहाँहरूले आपसी सहमति भएका क्षेत्रमा सहयोगलाई थप प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्दै पारस्परिक लाभका लागि आर्थिक अवसर सिर्जना गर्न मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका मन्त्रालयले जनाएको छ ।

दुवै तर्फबाट नेतृत्व गर्नुभएका प्रमुखले शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्त, पञ्चशील, आपसी विश्वास, सद्भाव र समझदारी नेपाल-चीन द्विपक्षीय सम्बन्धका प्रमुख विशेषता रहेको दोहोऱ्याउनुभएको थियो ।

परराष्ट्र सचिव लम्सालले सन् २०२६ मा नेपाल कम विकसित मुलुकबाट स्तरोन्नति भएपछि विकास सहयोग अभिवृद्धि गर्न चिनियाँ पक्षको प्रतिबद्धताका लागि धन्यवाद दिनुभएको थियो। उपविदेशमन्त्री वेइतोङले एक चीन सिद्धान्तप्रति नेपालको प्रतिबद्धताको प्रशंसा गर्नुभएको थियो ।

दुवै पक्षले उच्चस्तरीय भ्रमण आदानप्रदानको परम्परालाई कायम राख्ने विषयमा समेत छलफल गर्नुभएको थियो । सन् २०२५ लाई नेपाल चीन भ्रमण वर्ष मनाउने सन्दर्भमा नेपालको पर्यटन सम्भावना प्रवर्द्धन, व्यापार, लगानी, पूर्वाधार विकास, कनेक्टिभिटी, कृषिलगायतका क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने उपाय र उपायबारे समेत छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

दुवै पक्षले सन् २०२५ मा नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवलाई विशेष कार्यक्रम र गतिविधिका साथ मनाउने निर्णय गरेका छन् । यस्तै, बैठकले विद्यमान द्विपक्षीय संयन्त्रलाई थप सक्रिय बनाउन र संयुक्त आयोगलगायत नयाँ संयन्त्र स्थापना गर्नुपर्नेमा जोड दिएको छ।

उपविदेशमन्त्री वेइतोङले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग शिष्टाचार भेट गर्नुभएको थियो । उहाँले बुधबार राष्ट्रपति रामचन्द्र पौडेल र उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग छुट्टाछुट्टै शिष्टाचार भेट गर्नुहुने कार्यक्रम छ। उपविदेशमन्त्री वेइतोङ र उहाँको प्रतिनिधिमण्डल सोमबार काठमाडौँ आइपुगेको थियो। उहाँहरू भोलिबुधबारबेइजिङप्रस्थानगर्नुहुनेछ।

कोशी प्रदेश सरकारविरुद्ध दायर रिट निवेदन खारेज

रासस
काठमाडौं, ११ असार

सर्वोच्च अदालतले कोशी प्रदेशका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले प्रदेश सरकारविरुद्ध दायर गरेको रिट निवेदन खारेज गरेको छ।

न्यायाधीशहरू कुमार रेग्मी, अब्दुल अजिज मुसलमान र नहकुल सुवेदीको पूर्ण इजलासले मंगलबार रिट निवेदन खारेज हुने फैसला गरेको हो । फैसलामा भनिएको छ, "संविधानको धारा १६८ को ५ बमोजिम गठित सरकारलाई समर्थन गर्ने दल वा व्यक्तिले दिएको समर्थन फिर्ता लिएको अवस्थामा धारा १८८ को २ बमोजिम ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा तत्कालीन मुख्यमन्त्रीले विश्वासको मत नलिएको, यस्तो अवस्थामा प्रदेश प्रमुखले नयाँ सरकार

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

पोखराको प्रचार गर्दै फर्कियो टेवान टोली

पोखरापत्र संवाददाता
पोखरा ११ असार

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) टोली पोखराको प्रचार गर्दै विदेश यात्राबाट फर्किएको छ ।

थाइल्याण्ड, सिंगापुर र मलेसिया पुगेको टेवानले पोखराको पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम गरि फर्किएको हो ।

पोखरा पर्यटनको राजधानी घोषणा भएपछि स्वदेशसँग विदेशमा पनि पोखराको प्रवर्द्धन गरिनुपर्ने आवश्यकता रहेकाले कार्यक्रम गरिएको टेवानका अध्यक्ष कमला गिरिले बताइन् । उनले यात्राले पोखराको प्रचार गर्नुका साथै अन्तर्राष्ट्रिय रुपमा पर्यटन व्यवसायी महिलाका लागि व्यवसायिक साझेदारीका लागि बाटो पनि खुलेको सुनाइन् । थाइल्याण्डको बैंकक स्थित नेपाली राजदूतावासमा भेटघाट तथा पोखराको पर्यटनमाथि अन्तरक्रिया गरिएको थियो । थाइल्याण्डका लागि नेपाली राजदूत धनबहादुर ओलीले पोखरासँगको आफ्नो साइनोबारे खुलाउँदै पोखराले आफ्नो मौलिकतालाई ध्यान दिनुपर्ने बताए। उनले महिलामात्रै रहेको संस्थाले नेतृत्वले विदेशमा पोखराको प्रचार गर्न हिड्नु सराहनीय रहेको सुनाए ।

मलेसियामा रहेको टुर अपरेटरहरुसँगको छलफलमा पोखरा मलेसियन पर्यटकका लागि उपयुक्त गन्तव्य हुने निष्कर्ष थियो । मलेसियन पर्यटक लक्षित प्याकेजको व्यवस्था हुनुपर्नेमा टुर अपरेटरहरु जोड दिएका थिए । टेवान टोलीले क्यालालम्पूरमा रहेको मलेसियाका लागि नेपाली राजदूत डिल्लीराजपौडेलसँगपनिभेटघाट गरेको थियो । राजदूत बरालले पोखराको प्रचारात्मक कामका लागि सहयोग गर्ने बताएका थिए।

दीगो पर्यटनका लागि समान सहभागिता भन्ने नाराका साथ स्थापित टेवानले स्थानीय तथा प्रदेश स्तरमा पोखराको प्रवर्द्धनात्मक कार्यक्रमका साथै महिला उद्यमशिलतासम्बन्धी गतिविधि गर्दै आएको छ । यसपटक विदेशमा पनि पोखराको प्रचारात्मक कार्यक्रम गर्ने उद्धेश्य लिएर थाइल्याण्ड, सिंगापुर र मलेसिया यात्रा गरिएको अध्यक्ष गिरिले बताइन् ।

छोरीको जन्मदर्ता गर्दा नगद प्रोत्साहन

बागलुङ
पोखरा ११ असार

यहाँको जैमिनी नगरपालिकाले 'जैमिनीको छोरी' कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्षदेखि छोरीको जन्मदर्ता गर्दा रु दुई हजार पाँच सयको मुद्दति खाता उपहार दिने भएको छ ।

नगरपालिकाले छोरीको सम्मान र उनीहरूको उज्जवल आर्थिक भविष्यका लागि जन्मदर्ता गरेपछि मुद्दति खातामा सो रकम जम्मा गर्ने कार्यक्रम ल्याएको नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो ।

छोरीको भ्रूणहत्या रोक्न, छोरीप्रतिको सकरात्मक सोचको विकास गर्दै जन्मेपछि जन्मदर्ता गर्ने प्रवृतिको विकास गर्नका लागि 'जैमिनीको छोरी' कार्यक्रम ल्याइएको शर्माको भनाइ छ ।

उहाँले आगामी आवमा छोरी जन्मेपछि वडा कार्यालयमा जन्मदर्ता गर्न आउँदा नगरपालिकाले मुद्दति खाता खोलेर सो रकम जम्मा गरिदिने र अभिभावकलाई समेत उक्त खातामा दक्षअनुसारको रकम जम्मा गर्न आग्रह गर्ने बताउनुभयो।

"छोरीको उज्जवल आर्थिक भविष्यका लागि बचत अनिवार्य छ, बचतको महत्वसमेत अभिभावकलाई गराउने हाम्रो अभियान हो, अहिलेको रु दुई हजार पाँच सय ठूलो रकम बन्नेछ", उपप्रमुख शर्माले भन्नुभयो, "यसबारे साउनमै कार्यविधि निर्माण गरेर कार्यान्वयमा जान्छ, एक वर्षभित्र नगरपालिकामा जन्मेका छोरीहरूको जन्मदर्ताका आधारमा रकम जम्मा गर्नका लागि बजेटसमेत विनियोजन गरेका छौं।"

बालमैत्री नगरपालिका घोषणाको तयारीमा रहेको जैमिनीले जन्मदर्तासमेत अनिवार्य रहेको भन्दै मुद्दति खाता उपहारले अभिभावकमा जन्मदर्ता गराउनुपर्ने जनचेतना जगाउने बताउनुभयो ।

नगरपालिकाले कुश्मिसेरालाई केरा पकेट क्षेत्रका रूपमा विकास गर्न 'सेरा जाउ, केरा खाउ' कार्यक्रम ल्याएको छ।

नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ का लागि उक्त कार्यक्रमका लागि रु १२ लाख बजेट विनियोजन गरेको छ । उक्त बजेटले केरा उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्ने र केराको प्रचार गर्ने विश्वास लिइएको छ। यस्तै दूधको बिक्रीका आधारमा प्रतिलिटर रु एक अनुदान दिँदै आएको नगरपालिकाले आगामी वर्ष प्रतिलिटर रु तीन अनुदान दिने भएको छ ।

नगर प्रमुख नरबहादुर पुनले नगरभित्रका सबै विपन्न विद्यार्थीलाई लिड विद्यालयका रूपमा रहेको सर्वोदय जनक माध्यामिक विद्यालयमा आवसीय सुविधासहित अध्यापन गराउने जानकारी दिनुभयो ।

आइसिसी टि-२० विश्वकप: भारतद्वारा अष्ट्रेलिया पराजित

रासस
काठमाडौं, ११ असार

आइसिसी टि-२० विश्वकप क्रिकेटअन्तर्गत सुपर आठको खेलमा भारतद्वारा अष्ट्रेलिया पराजित भएको छ । ग्रोस आइस्लेटमा गए राति सम्पन्न खेलमा भारतले अष्ट्रेलियालाई २४ रनले पराजित गरेको हो । यससँगै अष्ट्रेलियाको सेमिफाइनल पुग्ने सम्भावना कमजोर बनेको छ।

यस समूहबाट छ अङ्कसहित भारत शीर्षस्थानमा रहेर सेमिफाइनल पुगिसकेको छ । भारतले फाइनल प्रवेशका लागि इङ्ल्याण्डसँग खेल्नेछ । यसैगरी सुपर 'आठको अन्तिम खेलमा बङ्गलादेशलेअफगानिस्तानलाईहराएमा अष्ट्रेलिया सेमिफाइनल पुग्नेछ ।

भारतले दिएको दुई सय छ रनको लक्ष्य पछ्याएको अष्ट्रेलियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८१ रनमात्र बनाउन सक्यो ।

अष्ट्रेलियाका ओपनर ट्राभिस हेडले सर्वाधिक ७६ रन बनाए । ४३ बल खेलेका उनले नौ चौका र चार छक्का प्रहार गरे। त्यस्तै कप्तान मिचेल मार्सले ३७, ग्लेन म्याक्सेवलले २० र टिम डेभिडले १५ रन बनाए । कमिन्सले ११ रन बनाउँदा मिचेल स्टार्क चार रनमा अविजित रहे ।

भारतका अर्शदीप सिंहले तीन विकेट लिए बने कुलदीप यादवले दुई विकेट लिए। त्यस्तै जसप्रित बुमराह र अक्षर पटेलले समान एक-एक विकेट लिए। त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय पाँच रनको योगफल बनाएको थियो ।

भारतका कप्तान रोहित शर्माले सर्वाधिक ९२ रन बनाए । ४१ बल खेलेका उनले सात चौका र आठ छक्का प्रहार गरे । त्यस्तै सूर्यकुमार यादवले ३१, शिवम दुबेले २८, हार्दिक पाण्ड्याले २७, ऋषभ पन्तले १५ र रवीन्द्र जडेजा नौ रन जोडे ।

अस्ट्रेलियाका मिचेल स्टार्क र मार्कस स्टोइनिसले समान दुई-दुई विकेट लिए भने जोश हेजलवुले एक विकेट लिए।

कोशी प्रदेश ...

गठनको आह्वान गरी नयाँ सरकार गठन भई सो सरकारले विश्वासको मतसमेत लिएको देखिन आएकाले रिट खारेज हुने ठहर्छ।"

अदालतको यो फैसलासँगै कोशी प्रदेशको मुख्यमन्त्रीमा हिक्मतकुमार कार्की र उहाँ नेतृत्वको सरकारले निरन्तरता पाउने छ। विसं २०८१ जेठ २५ गते मुख्यमन्त्री नियुक्त भएका कार्कीविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो।

रक्तदान जीवनदान
जीवनदान महादान

दुध उत्पादनमा लगानी विस्तार गर्दै महिला सहकारी

पोखरापत्र संवाददाता
पोखरा, ११ असार

महिलाहरु मात्रै शेयर सदस्य रहेको पोखरा १४ को एक सहकारीले व्यवसायिक दुध उत्पादनमा लगानी विस्तारको आयोजनालाई अन्तिम रुप दिएको छ। पोखरा १४ स्थित भोट्चौतारा स्थित समग्र महिला बहुउद्देश्यीय सहकारी संस्थाले दुध उत्पादन योजना विस्तार गर्न लागेको हो।

पोखरा १४ मै करिब १० रोपनी जग्गा भाडामा लिएर सहकारीले २० वटा भैंसी र ५ वटा गाई पाल्न लागेको सहकारीका अध्यक्ष सविना अधिकारी क्षेत्रीले जानकारी दिईन् । उनका अनुसार सञ्चालन गर्न लागिएको दुध उत्पादन योजनामा १ करोड लगानी लाग्नेछ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजनाको स्वञ्छ दुध उत्पादनको लागि व्यवसायिक गाईभैंसी पालन उपआयोजनाको ५० प्रतिशत अनुदान सहयोगमा यो कार्यक्रम हुन लागेको सहकारीका व्यवस्थापन धर्मराज केसीले जानकारी दिए ।

यो उप आयोजना अन्तरगत सहकारीले २५ जना व्यवसायिक कृषक शेयर सदस्यबाट ५० लाख र आयोजनाबाट ५० लाख रुपैंया संकलन गरेर दुध उत्पादन गर्न लागिएको हो । पोखरा १४ कै कदम मार्गमा १० वर्षका लागि १० रोपनी जग्गा भाडामा लिएर दुध उत्पादन गरिने सहकारीकी सचिव ईन्दु अधिकारीले जानकारी दिईन् ।

सहकारीले वार्षिक ७२ हजार २ सय लिटर दुध उत्पादन गर्ने लक्ष्य लिएको छ। जसबाट ५४ लाख १५ हजार रुपैंया आम्दानी हुने अनुमान गरिएको छ। यसैगरी ४० हजार केजी कम्पोष्ट बल विक्रिबाट २० हजार, बाच्छाबाच्छी बचेर २० हजार र पाडापाडी बेचेर १ लाख ५४ हजार रुपैंया आम्दानी हुने अनुमान सहकारीको छ ।

उक्त जग्गामा गाईभैंसी पालनसँगै घाँस उत्पादन र ताजा तरकारी पनि उत्पादन गर्ने लक्ष्य लिईएको अध्यक्ष अधिकारीले बताईन् ।

सहकारीबाट सञ्चालित फर्मबाट ६ जनाले प्रत्पक्ष रोजगारी पाउनेछन् भनु, ३५ जनाले प्रत्यक्ष र ५ सय ७५ जनाले अप्रत्यक्ष लाभ लिनेछन् । सहकारीबाट उत्पादित दुध जिल्ला सहकारी संघ कास्कीले खरिद गर्ने भएको छ।

सोही आयोजना सञ्चालन पुर्व सहकारीले एक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा सहकारीका शेयर सदस्य तथा फार्म सञ्चालन गर्दा प्रभाव पर्ने स्थानका सरोकारवालाहरुको सहभागिता रहको छ ।

कार्यक्रममा वक्ताहरुले फार्म र अनुदानको निरन्तरता हुनपर्ने, कारोवार पारदर्शी हुनुपर्ने, उप आयोजनाले अन्य व्यक्तिलाई नकारात्मक असर पर्न नहुने लगायतका विषयबस्तुमा आफ्ना भनाई राखेका थिए ।

कार्यक्रममा सहकारीका सल्लाहकार तथा वडा नम्बर १४ का सदस्य तनुजा थापा सिकेले चौतारीमा बसेर बचत संकलन गरी शुरु भएको सहकारीले अहिले एक करोडको आयोजना सञ्चालन गर्न सक्षम भएकोमा खुशी व्यक्त गरिन् ।

मन्त्रालयको ग्रामिण विकास तथा आर्थिक विकास आयोजनाका कृषि विज्ञ विष्णु दयाल सिंहले नेपाल कृषि तथा पशुलालनलाई प्रोत्साहन गर्ने नेपाल सरकारको नीति अनुसार सहकारीलाई सहयोग गरिएको बताए । उनले उक्त अनुदान रकम फार्मलाई तीन किस्तामा दिने समेत प्रष्ट्याए ।

उनले पशुधन खरिद गर्दा सार्वजनिक खरिद नियमावली अनुसार गर्न र अनिवार्य विमा समेत गर्न सहकारीलाई सुझाव दिएका छन्।

सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका महासचिव दीपक बाँस्तोलाले सहकारीले दुध खरिद गरि किसान र किसान समुहको दुध नबिक्ने चिन्ताको अन्त्य गरिदिएको बताए। उनले नेपाली किसानहरुले भोग्दै आएको मिल्क होलिडेको अन्त्य गर्न जिल्ला सहकारी संघ सदैव लाग्ने बताए।

मन्त्रालयको यो आयोजना नेपालका ३५ जिल्लाका १ सय ७१ पालिकामा सञ्चालित छ । कास्कीको पोखरा महानगरपालिका, मादी र रुपा गाउँपालिकामा यो आयोजना सञ्चालन भएको स्टार्टअप अनुदान सञ्चालन म्यानुअलमा उल्लेख छ ।

एसियन विकास बैंकको करिब १४ अर्ब २३ करोड ऋणमा यो योजना सञ्चालन भईरहेको छ।

तेक्वान्दोमा नेपाललाई सात पदक

रासस
काठमाडौं, ११ असार

नेपालले सातौँ एसिया कप खुला अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा पाँच स्वर्ण, एक रजत र एक कास्यसहित सात पदक जितेको छ ।

भारतको गोवामा सम्पन्न प्रतियोगितामा सात खेलाडी सहभागी भएकामा सबैले पदक जितेको राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले जनाएको छ। नेपाली टोलीले ग्योरोगीमा ६ र पुम्सेमा एक गरी सात पदक जितेको हो।

पुरुष सिनियर ८० केजीमुनि रन्जित डंगौरा, ६८ केजीमुनि कुमार लवत र ५८ केजीमुनि प्रवीणजङ्ग खड्काले स्वर्ण जितेका हुन् । पुरुष जुनियरको २३ केजीमुनि संयोग खड्का तथा क्याडेट महिलाको ३३ केजीमुनि सुसन्ध्या खड्काले स्वर्ण हात पारे ।

जुनियर पुरुष ३२ केजीमुनि रघुनाथ भण्डारीले रजत तथा यु-१२ एकल पुम्सेमा आभास देवले कास्य प्राप्त गरे। नेपाली टोलीको प्रशिक्षकमा दीपेश जोशी र टोली व्यवस्थापकमा सरिता थापा रहेका छन् ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

सम्पादकीय

कोशीमा सर्वोच्चको फैसलाले दिएको पाठ

सर्वोच्च अदालतले कोशी प्रदेशको विवादमा मुख्यमन्त्री हिम्मतबहादुर कार्कीको पक्षमा फैसला सुनाएको छ । निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दायर गरेको रिटमा सर्वोच्च अदालतको पूर्ण इजलासले अन्तिम फैसला गर्दै मंगलबार रिट खारेज गरिदिएको छ। फैसलाको लिखित पुर्ण पाठ नआए पनि सर्वोच्चले संविधानको केही विवादलाई पनि व्याख्या गरेको छ। न्यायाधीशहरू कुमार रेग्मी, अब्दुल अजिज मुसलमान र नहकुल सुवेदीको पूर्ण इजलासले संविधानको धारा १६८ अनुसार गठन हुने सरकार र त्यसले लिने विश्वासको मतको बारेमा पनि विस्तृत व्याख्या गरेको छ। सर्वोच्चले केही दिनमा यसको पूर्ण फैसला सार्वजनिक गर्ने जनाएको छ । सर्वोच्चले मुख्य रूपमा चार वटा आधार लिएर व्याख्या गर्दै निवर्तमान मुख्यमन्त्री केदार कार्कीको माग पूरा नहुने तथा मुख्यमन्त्री हिक्मतबहादुर कार्कीलाई काम गर्ने बाटो खुला गरिदिएको छ। कांग्रेसका केदार कार्कीले २०८१ जेठ २५ गते मुख्यमन्त्री नियुक्त भएका हिक्मत कार्कीविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए। केदार कार्कीले आफू संविधानको धारा १६८को उपधारा ५ अनुसारको अन्तिम विकल्पको सरकार भएकाले हटाउन नमिल्ने जिकिर गरेका थिए । तर सर्वोच्चले उनको माग अस्वीकार गरेको छ ।

जेठ ३१ गतेदेखि चलेको बहसमा असार ११ गते फैसला सुनाउँदै सर्वोच्चको पूर्ण इजलासले प्रदेश सरकार गठनका बारेमा नयाँ व्याख्या गरेको छ । यो विवाद सुरुमा एकल इजलासमा पेसी परेको थियो । एकल इजलासले संवैधानिक व्याख्याको आवश्यकता भन्दै पाँच प्रश्न उठाएको थियो । त्यसपछि दुई न्यायाधीशको संयुक्त इजलासले पूर्ण इजलासमा पठाएको थियो । पूर्ण इजलासले यो विवाद टुङ्गोमा पुऱ्याउनुका साथै आगामी दिनहरूमा प्रदेश सरकार गठनका क्रममा आउन सक्ने विवादलाई दिशानिर्देश पनि गर्ने देखिन्छ। सर्वोच्चले रिट खारेज गर्ने पहिलो आधारमा सुरुमा समर्थन व्यक्तिले गरेको भए पनि दल वा व्यक्ति जसले समर्थन फिर्ता लिए पनि फिर्ता हुने व्याख्या गरेको छ। यो व्याख्या अब अन्य प्रदेश सरकारको हकमा पनि लागु हुनेछ। सर्वोच्चले रिट खारेजीका लागि लिएको दोस्रो आधार हो विश्वासको मत लिनुपर्नेमा ३० दिनभित्र नलिएको। नेकपा एमालेका सांसदहरूको समर्थनमा मुख्यमन्त्री भएका केदार कार्कीले सोही दल वा समर्थन दिने सांसदहरूले आफ्नो समर्थन नभएको भनी प्रदेश प्रमुखलाई पत्र बुझाएपछि त्यसको ३० दिनभित्र विश्वासको मत लिनुपर्नेमा नलिएको देखिएकाले उनी पदमुक्त हुने कुरालाई सर्वोच्चले सदर गरेको छ । सर्वोच्चले संविधानको धारा १६८ को जुनसुकै उपधारा अनुसार गठन भएको सरकार भए पनि समर्थन फिर्ता लिएपछि संविधानको धारा १८८को उपधारा २ अनुसार आफूसँग बहुमत भएको भनी विश्वासको मत लिनुपर्ने तर्क गरेको छ।

प्रदेश प्रमुख खापुङले संविधानको धारा १६८ को उपधारा (५) अनुसार वैकल्पिक सरकार गठनको आह्वान गरेका थिए । यसका लागि उनले वैशाख २८ शुक्रबार अपराह्न ५ बजेसम्मको समय दिएका थिए । प्रदेश प्रमुखको कार्यालयबाट जारी विज्ञप्तिमा प्रदेश सभाका ५२ जना सदस्यले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएको र प्रदेश सभामा सङ्कल्प प्रस्ताव पारित भएको अवस्थामा मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनेसम्बन्धी कुनै प्रस्ताव प्रदेश सभामा दर्ता नभएको जानकारी आएकाले बहुमत प्राप्त गर्न सक्ने कुनै सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेस गर्न भनिएको थियो। एमाले र माओवादीले पेस गरेको सङ्कल्प प्रस्ताव वैशाख ७ को प्रदेशसभा बैठकले पारित गरेको थियो। यो आह्वानपछि एमाले, माओवादी र एकीकृत समाजवादीको समर्थनमा हिक्मत कार्की पुनः मुख्यमन्त्री भएका थिए।

सर्वोच्चले कोशी विवादमा केदार कार्कीको विपक्षमा र मुख्यमन्त्री हिक्मत कार्कीको पक्षमा हुने फैसलाका लागि लिएको चौथो र अन्तिम आधार हो नयाँ मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वासको मतसमेत पाएको अवस्था । छोटो समय दिएर प्रदेश प्रमुखले सरकार गठनको प्रस्ताव गरेपछि सत्ता गठबन्धन तयारी अवस्थामै भएकाले नियुक्तिसँगै वैशाख ३१ गते विश्वासको मत लिएको थियो । मुख्यमन्त्री हिक्मत कार्कीले प्रदेश सभाबाट ५७ जनाको मत प्राप्त गरेका थिए। उनलाई एमाले, माओवादी र एकीकृत समाजवादीका सांसदहरूले विश्वासको मत दिएका थिए भने विपक्षमा कसैले पनि मतदान गरेनन् । राप्रपाका सांसदहरू तटस्थ बसेको बैठकमा नेपाली कांग्रेस अनुपस्थित थियो । प्रदेश सभामा ९३ मध्ये ६२ जना सांसद उपस्थित थिए। सर्वोच्चले यसलाई पनि कानुन सम्मत नै भएको ठहर गरेको छ । सर्वोच्चले मुख्यमन्त्री कार्कीले प्रदेश सभा भित्रबाटै विश्वासको मत पाएको अर्थात् प्रदेश सभाका बहुमत सांसदले विश्वास भएको भनी मत दिएकाले हटाउन उपयुक्त नहुने तर्क गरेको छ। केदार कार्कीको जिद्दी र हठले गर्दा नेपाली काङ्ग्रेसको संसदीय मुल्य र मान्यतामा प्रश्न उठाउने ठाउँ दिएको छ। एक पटक विश्वासको मत पाएपछि अनन्त काल सम्म रहन्छ भन्ने भ्रमलाई सर्वोच्चको फैसलाले तोडिदिएको छ।

ट्र्याक खुलेको १९ वर्षपछि सडक कालोपत्र

पोखरापत्र संवाददाता
ढोरपाटन, ११ असार

दुई जिल्ला जोड्ने गरी १९ वर्ष अगाडि ट्र्याक खुलेको सडक कालोपत्र गरिएको छ। बागलुङको गलकोट नगरपालिका-३ हटिया बजार, ताराखोला हुँदै म्याग्दी जोड्ने सडक कालोपत्र गरिएको हो ।

पाँच वर्ष अगाडि स्तरोन्नतीसहित कालोपत्र गर्न जिम्मा पाएको निर्माण कम्पनीले यस वर्ष बल्ल काम गरेको छ । यस वर्षमा सात किलोमिटर सडक कालोपत्र गर्ने भनिए पनि साढे चार किलोमिटर मात्रै कालोपत्र भएको पूर्वधार विकास कार्यालय बागलुङका इन्जिनियर चन्द्रबहादुर पुनले जानकारी दिनुभयो । विसं २०७६ मा कालोपत्रको जिम्मेवारी पाएको निर्माण कम्पनीले २०७८ कात्तिक मसान्तसम्म सक्नुपर्ने भए पनि यस वर्ष बल्ल कालोपत्र गरेको उहाँले बताउनुभयो। निर्माण कम्पनीले यस वर्ष ९० प्रतिशत काम सक्ने अनुमान गरे पनि लक्ष्यमा पुग्न सकेको छैन । हटिया बजारबाट ताराखोला गाउँपालिका-३ स्थित घुस्मेली बजारसम्म कालोपत्र गर्ने लक्ष्य लिए पनि जमधारा भन्ने स्थानसम्म मात्रै काम गरेको उहाँले जानकारी दिनुभयो । कम्पनीले रु २८ करोडमा जिम्मा लिएको थियो । गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले १९ वर्ष अगाडि स्थानीयले चन्दा उठाएर निर्माण गरेको सडक अहिलेसम्म कालोपत्र हुन नसकेको बताउनुभयो । उहाँ भन्नुहुन्छ “यो सडक गलकोट र ताराखोला क्षेत्रको ‘लाइफ लाइन’का रूपमा रहेको हुँदा प्रदेश र संघीय सरकारले बढी चासो दिनुपर्छ ।” स्थानीय सरकारको सडक कालोपत्र गर्न स्रोत र साधानले नभ्याउने जनाउँदै समयमै स्तरोन्नति नहुँदा हजारौं नागरिकले सास्ती खेप्नुपरेको नगरप्रमुख गैरेले बताउनुभयो । यस वर्ष थोरै भए पनि कालोपत्र हुँदा गलकोट र ताराखोलाका तल्लो क्षेत्रका नागरिकलाई सहज हुने जनाइएको छ। प्रमुख गैरेले भन्नुभयो, “प्रदेश र केन्द्र सरकारसँग सहकार्य गरेर काम गर्छौं, नगरपालिकाको मात्रै स्रोतले नभ्याउने हुँदा अहिलेसम्म सडकको स्तरवृद्धि हुन नसकेको हो।”

श्रष्टा बानियाँलाई सूर्यनारायण पुरस्कार अर्पण

पोखरापत्र संवाददाता
म्याग्दी ११, असार

मदन पुरस्कार विजेता ‘महारानी’ उपन्यासका लेखक चन्द्रप्रकाश बानियाँलाई ‘सूर्यनारायणपुरस्कार’अर्पणगरिएकोछ।

सूर्यनारायण पुरस्कार संस्थाद्वारा सोमबार बेनीमा आयोजित कार्यक्रममा प्राध्यापक डा कर्णबहादुर बानियाँ र संस्थाका अध्यक्ष सुवर्णकुमार श्रेष्ठले श्रष्टा बानियाँलाई नगद रु २५ हजार, कदरपत्र प्रदान गर्नुका साथै दोसल्लो ओढाएर सम्मान गर्नुभयो ।

समाजसेवी सूर्यनारायण श्रेष्ठको स्मृतिमा उहाँका परिवारले स्थापना गरेको संस्थाले हरेक दुई-दुई वर्षमा नेपाली लोक संस्कृति, कला र साहित्यको श्रीवृद्धि गर्न योगदान गर्ने म्याग्देलीलाई सो पुरस्कार अर्पण गर्दै आएको छ। विसं २०८० को पुरस्कार बानियाँलाई प्रदान गरिएको हो ।

श्रष्टा बानियाँद्वारा लिखित महारानी उपन्यासले २०७८ सालमा मदन पुरस्कार प्राप्त गरेको थियो । विसं २०४८ मा म्याग्दी क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएका बानियाँले साहित्यिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानस्वरुप पुरस्कृत गरिएको सूर्यनारायण पुरस्कार संस्थाका सचिव अजयमिलन श्रेष्ठले बताउनुभयो ।

बानियाँले ‘ऐतिहासिक पर्वत राज्य-२०६५’, मृत्य संस्कार-२०७५, महारानी २०७६, मौज्याह निबन्ध सङ्ग्रह २०७७, माकुराको पुनर्जन्म २०७८, चौबिसी राज्य पर्वत २०७९, पुला र पुलस्त्य पुस्तक लेख्नुभएको छ। ऐतिहासिक विषयसँग सम्बन्धित बानियाँका पुस्तकमा म्याग्दीको सामाजिक, राजनीतिक, आर्थिक, भौतिक, सांस्कृतिक, सामरिक अवस्थालाई चित्रण गर्दछ। संस्थाले २०४९ सालदेखि हालसम्म १८ जनालाई पुरस्कार प्रदान गरेको छ ।

भैरवबहादुर श्रेष्ठ (२०४९), टीकाबहादुर श्रेष्ठ (२०५०), दीपबहादुर खड्का (२०५२), धनकुमारी थापा (२०५३), रत्नप्रसाद श्रेष्ठ (२०५४), ठाकुरप्रसाद पराजुली (२०५६), वीरबहादुर कार्की (२०५८), खड्ग गर्बुजा (२०६०), होमनाथ सुवेदी (२०६२), लक्ष्मीप्रसाद श्रेष्ठ (२०६४), अबिरकुमार श्रेष्ठ (२०६६), ध्रुवलाल शर्मा (२०६८), अङ्गद श्रेष्ठ (२०७०), खगेन्द्रमिलन श्रेष्ठ (२०७२), डा कर्ण बानियाँ (२०७४), तुलप्रसाद श्रेष्ठ (२०७६) र प्रकाशकुमार श्रेष्ठ (२०७८) मा पुरस्कृत हुनुभएको थियो । पुरस्कार वितरण समारोहमा अजयमिलन श्रेष्ठद्वारा लिखित सत्र सूर्य पुस्तकको विमोचन गरिएको थियो ।

फेदिखोला रंगशाला (निर्माण तथा संचालन) कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सात दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०३/१२)

गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका, वडा नं ०२, आँगेकुनामा फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावको नाम तथा ठेगाना	**फेदीखोला गाँउपालिका वडा नं. ०२, आँगेकुनामा फेदिखोला रंगशाला (निर्माण तथा संचालन) कार्य गर्न**
प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका	**स्याङ्जा जिल्ला, फेदीखोला गाउँपालिका, वडा नं ०२**

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम तथा ठेगाना	फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय फेदीखोला गाउँपालिका वडा नं ०२ को कार्यालय फेदीखोला, स्याङजा, गण्डकी प्रदेश, नेपाल फोन नं.ः ०६३४०२०५३, ०६३४०२०७३ ईमेलः phedikhola174@gmail.com
परामर्शदाताको नाम र ठेगाना	ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि. नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन नं.ः ९८४६४०४११८

स्याङजा जिल्लाको फेदीखोला गाउँपालिका भएर बग्ने विभिन्न खोलाको बगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खन्न तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सात दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०३/१२)

गण्डकी प्रदेश, स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका, वडा नं ०२, ०३ र ०४ मा फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

प्रस्तावको नाम तथा ठेगाना	**फेदीखोला गाँउपालिका भएर बग्ने खोलाको बगर क्षेत्रबाट नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्ने (सेती खोला-चनौटे दोभान, ठाडो खोला-डहरे दोभान, दोपरे-चापको रुख, सेतीखोला-पिप्ले पातीहाल्ना र ह्याङरुङ खोला घाट)**
प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका	**स्याङजा जिल्ला, फेदीखोला गाउँपालिका, वडा नं ०२, ०३ र ०४**

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम तथा ठेगाना	फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय फेदीखोला, स्याङजा, गण्डकी प्रदेश, नेपाल फोन नं.ः ०६३४०२०५३, ०६३४०२०७३ ईमेलः phedikhola174@gmail.com
परामर्शदाताको नाम र ठेगाना	ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा.लि. नयाँ बानेश्वर, काठमाडौं, नेपाल फोन नं.ः ९८४६४०४११८

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.न २५९७९

हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सवुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्वन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्वन्धित सबैका लागि जानकारी गराइन्छ।

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१	GLI ०००३२४४	डा. रिसिराम ढकाल	बुटवल-०९, रुपन्देही
२	ULI ३३६०००७१६०	सरस्वती नेपाली	पोखरा-१८, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ वडा स्तरमा बत्ती जडान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः उज्यालो वडा कार्यक्रम
ठेगानाः पोखरा-९
योजना सम्झौता मितिः २०८०/१२/२७ गते
योजना शुरु हुने मितिः २०८०/१२/२७ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/०४ गते
योजनाको कुल लागतः रु. ७,७७,७७७/-
महानगरपालिकाबाटः रु. ७,००,०००/-
जनसहभागिताबाटः रु.७७,७७७/-
अध्यक्षः उत्तम जोशी
जम्मा सदस्य संख्याः ९ जना महिलाः ३ पुरुषः ६

उज्यालो वडा कार्यक्रम कार्यान्वयन समिति
पोखरा-९

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १६ अर्मलाकोट बलाय साइन डाँडा थाकखोला हुदै मादी गाउँपालिका सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अर्मलाकोट वलाय साइन डाँडा थाकखोला हुदै मादी गाउँपालिका सडक निर्माण
ठेगानाः पोखरा-१६
योजना सम्झौता मितिः २०८०/१२/२६ गते
योजना शुरु हुने मितिः २०८०/१२/२९ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/१२ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/०७ गते
योजनाको कुल लागतः रु. ३३,३३,३३३/३३
महानगरपालिकाबाटः रु. ३०,००,०००/-
जनसहभागिताबाटः रु.३,३३,३३३/-
अध्यक्षः कर्ण बहादुर गुरुङ सम्पर्क नं.ः ९८४०४५१६४२
जम्मा सदस्य संख्याः ७ जना महिलाः ३ पुरुषः ४

अर्मलाकोट वलाय साइन डाँडा थाकखोला हुदै मादी गाउँपालिका सडक निर्माण उपभोक्ता समिति पोखरा-१६

तपाईको आज

मेष	: स्वास्थ्यमा सुधार	**तुला**	: शारीरिक झमेला
वृष	: सहयोग मिल्नेछ	**वृश्चिक**	: ब्यापारमा लाभ
मिथुन	: अप्रत्यसित लाभ	**धनु**	: शत्रुको भय
कर्कट	: सत्कार मिल्नेछ	**मकर**	: झमेला बड्ने
सिंह	: आर्थिक समस्या	**कुम्भ**	: कार्यमा सफलता
कन्या	: मानसिक तनाब	**मीन**	: शुभ यात्रा

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

मनप्रिय मनाङ

ामबहादुर थापा
पोखरा ११, असार

प्रकृतिअघि मानव जातिले गरेका ठूलाठूला आविष्कार पनि कहिलेकाहीँ फिका लाग्छन् । हिमालपारि मनाङको यात्राभर हाम्रो मनमा यस्तै यस्तै कुरा खेलिरहे। अहो! यी हिमाल, पाखापखेरु, तालतलैया, झरना र नदीनाला । तपाईँलाई आज हामी त्यही प्रकृतिको वैभव मनाङतिर लैँजादैछौँ । मर्स्याङ्दीको तिरैतिर, पहाडको भिरैभिर ।

कठिन भू-बनोटबीच पनि मनाङ आफैमा चित्रमय लाग्छ। हिमालले घेरिएको मनाङ जो कोहीको मनप्रिय गन्तव्य हो। यो प्रकृति र संस्कृतिको अनुमप थलो हो । जोखिम झेलेर यात्रा पार गर्ने पर्यटक त्यहाँ पुग्दा भने फुरुङ्ग हुन्छन् । गाह्रोसाह्रो बिर्सिदिन्छन् । मर्स्याङ्दीको सुसाहट, झरनाको छङ्छङ् र सिरसिरे हावाको स्पर्शमा रमाउँछन्। बैँशीसहर-चामे सडक छेउछाउका बुङ्ग, अक्टोपसआदि झरना हेरेर उनीहरू रोमाञ्चित बन्छन् ।

मनाङ पुग्न भीमकाय पहाड, भीरपाखा, खोल्सा र खोँच छिचोलेर अघि बढ्नुपर्छ । पदयात्रा र मोटरयात्रामा मनाङ पुग्न सकिन्छ। त्यहाँको हुम्डे विमानस्थल भने अहिले बन्द छ। विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने मनाङ पदयात्राका लागि लोकप्रिय गन्तव्य मानिन्छ । एक दशकअघि मोटर पुगेपछि सडकमार्गबाट मनाङ जाने घुम्न जाने पर्यटक पनि उत्तिकै छन्।

मनाङ पुग्ने अधिकांशको सपना संसारकै सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल र थोरङ भञ्ज्याङ पार गर्ने हुन्छ। तर त्यो सबैका लागि सम्भव हुँदैन। आँटिला र स्वस्थ व्यक्तिले मात्र थोरङ भञ्ज्याङ पार गर्न सक्छन् । मनाङ डिस्याङ गाउँपालिका-९ मा पर्ने तिलिचो ताल सामुद्री सतहदेखि चार हजार नौ सय १९ मिटरको उचाइमा अवस्थित छ। पाँच हजार चार सय १४ मिटरको उचाइमा रहेको थोरङ भञ्ज्याङ विश्वभरका पर्यटकको रोजाइमा पर्ने गन्तव्यस्थल हो। थोरङ भञ्ज्याङ काटेर पदयात्री पर्यटकहरू मुस्ताङको मुक्तिनाथ क्षेत्र पुग्छन् । मुक्तिनाथ मन्दिर हिन्दू र बौद्धमार्गीको पवित्र धार्मिकस्थल हो । मनाङ डिस्याङ-१ भ्राताङमा भेटिनुभएका पर्यटक पथप्रदर्शक अनिल लामा अमेरिकामा बस्ने नेपाली परिवारका सदस्यलाई लिएर थोरङ भञ्ज्याङ जाँदै हुनुहुन्थ्यो । सदरमुकाम चामेबाट पदयात्रा सुरु गरेको उहाँले सुनाउनुभयो । चामे समुद्री सतहदेखि दुई हजार आठ सय ३१ मिटर उचाइमा अवस्थित छ। अग्ला पहाडको खोँच र मर्स्याङ्दी नदीको किनारमा रहेको चामेबजारमा एक रात बिताएर उहाँहरू मनाङ गाउँतिर जाँदै हुनुहुन्थयो ।

तिलिचो ताल र थोरङ भञ्ज्याङ पार गर्ने हो, छ-सात दिन जति लाग्ला", उहाँले भन्नुभयो, "पहिलो दिन पिसाङ, दोस्रो दिन मनाङ गाउँ र तेस्रो दिन तिलिचो आधार शिविरमा बास बसेर बल्ल तिलिचो ताल पुग्ने योजना छ।" तिलिचोबाट फर्केर श्रीखर्क हुँदै थोरङ भञ्ज्याङ जाने तालिका रहेको लामाले सुनाउनुभयो । तिलिचोबाट दुई दिनमा थोरङ भञ्ज्याङ पुग्न सकिन्छ । थोरङ भञ्ज्याङ जान नसक्नेहरू श्रीखर्कबाट खाङ्सार हुँदै मनाङ गाउँ फर्कन्छन् ।

बैँशीसहरबाट मोटरयात्रामा सिधैँ खाङ्सार पुगेर त्यहाँदेखि दुई दिनको पदयात्रामा तिलिचो ताल पुग्न सकिने लामाले बताउनुभयो । चामेबाट पदयात्रामा जाँदा भने चार दिन लाग्ने उहाँको भनाइ छ। चामेका पर्यटन व्यवसायी फुर्वा छिरिङ लामाले पदयात्रीले लिने विश्रामको अवधिले तिलिचो र थोरङ भञ्ज्याङ जान लाग्ने समयको निर्धारण गर्ने बताउहुन्छ। "प्रायः विदेशीहरू चामेबाट पदयात्रा सुरु गर्छन्, चार/पाँच दिन लगाएर तिलिचो पुग्छन्, नेपालीहरू भने अलि छिट्टै पुग्छन्", उहाँले भन्नुभयो।

पहिलो पटक पुग्ने पर्यटकले तिलिचोलाई 'स्वर्गको टुक्रा' पनि भन्ने गरेको उहाँले सुनाउनुभयो । "तिलिचोलाई चारैतिरबाट हिमालले घेरेको छ, भगवान् शिवले तपस्या गरेको किंबदन्ती रहेकाले धार्मिक हिसाबले पनि यो तालको महत्व छ", फुर्वाले भन्नुभयो, "तिलिचोसँगै गङ्गापूर्ण, ग्रीन लेक, काजिन्सारालगायतका तालतलैयाले मनाङको सौन्दर्य बढाएका छन् ।"

कतिपय तालको अझै पहिचान नै हुन नसकेको उहाँले बताउनुभयो । तिलिचो र थोरङ भञ्ज्याङबाट अन्नपूर्ण-२, अन्नपूर्ण-४, लमजुङ, मनास्लु, गङ्गापूर्णलगायत कैयौँ हिमशृङ्खलाकौ एकैसाथ दृश्यावलोकन गर्न सकिन्छ। चामे होटल व्यवस्थापन उपसमितिका अध्यक्ष फुर्वाले पाँच हजार एक सय छ मिटर उचाइको लार्के भञ्ज्याङ पनि पर्यटकको रोजाइमा पर्ने गरेको बताउनुभयो ।

गोरखाको मनास्लु संरक्षण क्षेत्रबाट लार्के भञ्ज्याङ काटेर पदयात्री पर्यटकहरू मनाङ छिर्ने गरेको उहाँको भनाइ छ। "मनाङको धारापानीबाट तिल्चे, भीमथाङहुँदै लार्के भञ्ज्याङ पार परेर मनास्लु क्षेत्र पनि पुग्न सकिन्छ", उहाँले भन्नुभयो।

पाँच हजार तीन सय २० मिटर उचाइमा अवस्थित काङ्ला भञ्ज्याङले पनि मनाङ पुग्ने पर्यटकलाई आकर्षित गर्ने गरेको छ। काङ्ला भञ्ज्याङ काटेर मनाङकै पर्यटकीय गाउँ नार पुग्न सकिन्छ । अध्यक्ष फुर्वाले सडक आएपछि अन्नपूर्ण चक्रीय पदमार्गको साख भने गुम्दै गएको बताउनुभयो।

"विशेष गरी पदयात्राका लागि विदेशी पर्यटकको रोजाइमा मनाङ पर्ने गर्छ, तर पछिल्लो समय सडक निर्माणका क्रममा पदमार्ग नासिएका छन्, कतै छोटिएका छन्", उहाँले भन्नुभयो, "मनाङको पर्यटनलाई चलायमान बनाइराख्न र विदेशी पर्यटकलाई आकर्षित गर्न वैकल्पिक पदमार्ग बनाउनुपर्छ।" चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले पदमार्ग सङ्कटमा पर्दा लमजुङ र मनाङका पर्यटन व्यावसायी नै विस्थापित हुने अवस्था आएको बताउनुभयो ।

"पदयात्रा पर्यटनमा आधारित व्यवसायी पलायन भइरहेका छन्, कति त बस्ती नै विस्थापित भएँ", उहाँले भन्नुभयो, "पुराना पदमार्ग नासिँदा सडकको धुलो र हिलो सहँदै पदयात्रा गर्न पर्यटक बाध्य छन्, यस विषयमा सम्बद्ध सबै पक्ष संवेदनशील र जिम्मेवार हुनुपर्छ।"

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को इलाका संरक्षण कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले असोजदेखि मङ्सिर र फागुनदेखि वैशाखसम्म मनाङमा उल्लेख्य सङ्ख्यामा पर्यटक भित्रने गरेको बताउनुभयो । "दुई वटा मुख्य याममा मनाङका गन्तव्यस्थल पर्यटकले भरिभराउ हुन्छन्, वर्षात् र जाडोयाममा पनि फाटफुट रूपमा स्वदेशी तथा विदेशी पर्यटक मनाङ घुम्न आइरहन्छन्", उहाँले भन्नुभयो ।

प्रमुख भुजेलका अनुसार सन् २०२३ मा २२ हजारभन्दा बढी विदेशी पर्यटकले मनाङ भ्रमण गरेका थिए। बढीजसो युरोपियन मुलुकका पर्यटकको रोजाइमा मनाङ पर्ने गरेको उहाँको भनाइ छ । हमास-इजरायल युद्धका कारण इजरायलका पर्यटक पछिल्लो समय कम आएको प्रमुख भुजेलले बताउनुभयो । आन्तरिक पर्यटकको भने यकिन तथ्याङ्क 'एक्याप'सँग पनि छैन ।

भारतीय र नेपाली पर्यटक मोटरबाइक लिएरै मनाङ पुग्ने गरेका छन् । विकट भूगोल र जोखिमपूर्ण सडकका कारण पनि वर्षात्का बेला मनाङमा पर्यटकीय चहलपहल घट्ने गर्छ । कतिपय होटल तथा रेष्टुराँ अहिले बन्द भइसकेका छन् । 'अफसिजन'मा पर्यटकीय गतिविधि कम हुने भएकाले कतिपय होटल तथा रेष्टुराँ सञ्चालकहरू व्यवसाय नै बन्द गरेर काठमाडौँ, पोखरालगायत ठाउँमा जाने गरेका छन्। प्रमुख भुजेलले मनाङमा तीन सयभन्दा बढी होटल सञ्चालनमा रहेको जानकारी दिनुभयो ।

"पर्यटकस्तीय होटल, रेष्टुराँ, चिया-खाजाघर छन्, यहाँ आउने पर्यटकको सुविधालाई हेरेर व्यवसायीले विभिन्न सेवा पनि थपिरहेका छन्", उहाँले भन्नुभयो, "एक्यापले पनि पर्यटकीय पूर्वाधार निर्माण, पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि, पर्यटकीय गन्तव्यस्थलको प्रवर्द्धनलगायतमा स्थानीय बासिन्दालाई सघाउँदै आएको छ ।"

रोमाञ्चक र साहसिक पदयात्रा रुचाउनेलाई मनाङ उत्कृष्ट गन्तव्य रहेको प्रमुख भुजेलले बताउनुभयो । मनोरम प्रकृति, संस्कृति, बौद्ध परम्परा, हिमाली जनजीवन आदि मनाङका पहिचान र आकर्षण हुन् । पृथ्वी राजमार्गमा पर्ने तनहुँको डुम्रेबाट ४२ किमि मोटरयात्रा लमजुङ सदरमुकाम बैँशीसहर पुग्न सकिन्छ । बैँशीसहरबाट छ घण्टाको मोटरयात्रामा मनाङको चामे र चामेदेखि मनाङ गाउँसम्म साढे दुई घण्टामा पुग्न सकिन्छ ।

मनाङ गाउँबाट भने खाङ्सारसम्म आधा घण्टामै पुग्न सकिन्छ। खाङ्सारबाट अघि सडक पुगेको छैन । चामेबाट भ्राताङ, पिसाङ, हुम्डे हुँदै मनाङ गाउँ जोडिन्छ। मनाङ गाउँबाट नजिकै गङ्गापूर्ण हिमताल अवस्थित छ । पिसाङमा ग्रीन लेकपर्छ । काजिन्सारा ताल पुग्न भने चामेबाट दुई दिनको पदयात्रा गर्नुपर्छ ।

मनाङको मुख्य आयस्रोतको क्षेत्र पर्यटन रहेको भन्दै पर्यटकीय गन्तव्यस्थलको पहिचान र प्रवर्द्धनका लागि सक्दो पहल लिने गाउँपालिका अध्यक्ष घलेले बताउनुभयो ।

मनाङ जोड्ने सडक स्तरोन्नति गर्न सके बर्सेनि ठूलो सङ्ख्यामा पर्यटक मनाङ भित्र्याउन सकिने उहाँको बुझाइ छ ।

"पर्यटकीय याममा दैनिक सयौँको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटक मनाङ भित्रने गरेका छन्", अध्यक्ष घलेले भन्नुभयो, "पहिले विदेशी पर्यटक बढी आउथे, पछिल्लो समय आन्तरिक पर्यटकको पनि आवागमन बढेको छ ।"

निक्षेप उपरको हकदावी सम्वन्धी ३५ दिने सूचना

(**प्रकाशित मितिः** २०८१/०३/१२)

श्री मन देव थापा को बुहारी श्री नेत्र वहादुर थापाको पत्नी स्याङ्जा जिल्ला, सेखाम गा.वि.स. वडा न ०५ स्थायी ठेगाना भई स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा न ०५ बस्ने ना.प्र.नं. ४०८८.., (स्याङ्जा) भएको श्री धनिसरा थापाको नाममा यस विकास बैंकको महेन्द्रपुल शाखा कार्यालयमा चल्ती/बचत/मुद्दती खाता नं. ००७०१४००६२९०७००००००१ रहेकोमा निजको मिति २०८१/०१/२६ मा मृत्यु भएको र निज मृतक धनिसरा थापाको नाममा यस विकास बैंकमा रहेको माथि उल्लेखित खाताको रकम भुक्तानीको माग गर्दै स्याङ्जा जिल्ला चापाकोट न.पा. वडा न ०९ बस्ने मृतक धनसरा थापाका छोरा नाता पर्ने श्री खर्क वहादुर थापाले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं.२००००८१६०१९८९-२ र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हक(दावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री खर्क वहादुर थापालाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना ।

(**प्रकाशित मिति** २०८१/०३/१२)

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को पोखरा-९ नयाँबजार कास्कीबाट तपशिल बमोजिम उल्लेखित ऋणीले घर /जग्गा कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको तोकिएको समयावधि भित्रमा तिर्नु, बुझाउनुपर्ने रकम तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक रुपमा तार ताकेता गर्दा साथै पोखरापत्र राष्ट्रिय दैनिकमा मिति २०८०/१०/२४ गते ३५ दिने सूचना तथा दोस्रो पटक मिति २०८०/१२/१ गते १५ दिने र तेस्रो पटक मिति २०८०/१२/१६ गते ७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई मिति २०८०/१२/२९ गते ३५ दिने तथा २०८१/०२/०६ गते २१ दिने र मिति २०८१/०२/२८ गते १५ दिने पोखरापत्र राष्ट्रिय दैनिकमा धितो लिलामी तथा गोप्य शिलबन्दी पत्र आव्हानको सूचना प्रकाशित गर्दा समेत कुनै शिलबन्दी बोलपत्र नपरेको हुदाँ पुन यो सूचना प्रकाशित गरिएको छ। ऋण सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७४ को प्रदेश सहकारी ऐन २०७८ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको ऋण असुली नीति २०७८ ले दिएका अधिकार प्रयोग गरी नियमानुसार बिक्री, लिलाम गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि ऋणी संचालक, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोल पत्र खोल्न, धितो लिलामको बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै ऋण अमुलीको कारवाही अन्तर्गत ऋणी संचालक, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ र संस्थाको नीति नियम तथा विनियम एवं प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि स्थाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं।

तपशील

ऋीणीको नाम : रजनी श्रेष्ठ बुबा : ओम कुमार श्रेष्ठ श्रीमान : चक्र बहादुर श्रेष्ठ ससुरा : मान बहादुर ठेगाना : पोखरा-४ गैह्रापाटन, कास्की मझेरीपाटन, कास्की	**धन जमानीको नाम : चक्र बहादुर श्रेष्ठ** बुबा : मान बहादुर नगरकोटी बाजे : चक्रमान नगरकोटी ना.प्र.प.: ४२३५/धादिङ मितिः २०५०/११/०८ ठेगाना : पोखरा -४, गैह्रापाटन
धन जमानीको नाम : सबिता कर्माचार्य बुबा : भक्त मान श्रेष्ठ बाजे : भिम नारायण श्रेष्ठ श्रीमान : प्रबिन कर्माचार्य ना.प्र.प.:४६१००१/१७१७७ कास्की मितिः २०६८/०८/०९ ठेगाना : पोखरा -९, बगालेटोल, कास्की	**धन जमानीको नाम : ऋचा श्रेष्ठ** बुबा : चक्र बहादुर श्रेष्ठ बाजे : मान बहादुर नगरकोटी ना.प्र.प.: ४६-०१-७५-०६६३० कास्की मितिः२०७५/१०/०२ ठेगानाः पोखरा ४,गैह्रापाटन, कास्की

धितो विवरण

क.स	घर/जग्गा धनी	घर/जग्गा रहेको ठेगाना	कि.न	क्षेत्रफल/वर्गमीटर
१	**रजनी श्रेष्ठ** ना.प्र.नं. ४६-०१-७३-०७६१० मितिः २०७३/०९/०५ कास्की	पोखरा -१८, कास्की	७१	०-०-०-०/ १५५.९७

लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः

१. बोलपत्र फारम यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि.को कार्यालय समय भित्र रु. १,०००।- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दउँसो ठिक ३:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफूले सकार गरि लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको मुक्तिनाथ विकास बैंक लि. को खाता नं. ००८१०२०००५४२१७००००००१ नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्न वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थागत सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम या धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन। साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पूनश्च: उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभइ कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन।

महालक्ष्मी आर्थिक सहकारी संस्था लि.
पोखरा-९, नयाँबजार, कास्की
फोन नं.: ०६१-५८९५३७,५८९३९१